नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं

## शेयर सूचिकरण गरिएको बारे

# प्रेश – बिज्ञप्ती

आज मिति २०६१।९।२८ का दिन बुटवल पावर कम्पनी लि. कुमारीपाटी, ललितपुर र नेपाल स्टक एक्सचेन्ज लि. विच प्रति शेयर अंकित र चुक्ता मूल्य समेत रु. १००।- कायम भएको रु. ८३,९०,५७,७०० बराबरको ८३९०,५७७ कित्ता साधारण शेयर सूचिकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष नागरिक लगानी कोष मार्फत ८,३९,०५७ कित्ता साधारण शेयरहरु मिति २०६० आश्विन ६ गते देखि खुल्ला विक्रि आव्हान गरिएको थियो यसरि सर्वसाधारणमा वितरण गरिएको ८,३९,०५७ कित्ता तथा कम्पनीमा कार्यरत कर्मचारी र कम्पनी संस्थापकहरुले लगानी गरेको ७५,५१,५२० समेत कुल ८३,९०,५७७ लाख कित्ता शेयर वितरण भई उक्त शेयरहरु यस स्टक एक्सचेन्जमा सूचिकरण भएको छ ।

शेयर सूचिकरण सम्झौता पत्रमा यस स्टक एक्सचेन्जको तर्फवाट महाप्रवन्धक श्री मुकुन्द नाथ ढुंगेल र कम्पनीको तर्फवाट कम्पनीका का.मु. महाप्रवन्धक आर. बि. कार्किले हस्ताक्षर गर्नु भयो ।

धितोपत्र कारोवार ऐन, २०४० अन्तर्गत तयार पारिएको धितोपत्र सूचिकरण विनियमावली, २०५३ को विनियम ७ को अनुसूची १ बमोजिमको ढाँचामा सम्वन्धित कम्पनी र धितोपत्र विनिमय वजार विच शेयर सूचिकरण सम्झौता हुनु पर्ने र सो को सार्वजनिक सूचना दैनिक पत्रपत्रिकामा प्रकाशित मितिले ७ दिन पश्चात विधिवत सो कम्पनीको शेयर ईजाजत प्राप्त सदस्य दलालहरु मार्फत यस विनिमय बजारमा कारोवार हुने प्रक्रिया रहेको छ ।

यस कम्पनीको शेयर सूचिकरणबाट अन्य समुह अर्न्तगत सूचिकृत कम्पनीहरुको संख्या ५ पुग्ने र कुल सूचिकृत कम्पनीहरुको संख्या ११९ कायम हुन गएको छ ।

(सूचिरकण तथा विश्लेषण महाशाखा)
नेपाल स्टक एक्सचेन्ज लि
सिंहदरवार प्लाजा, काठमाण्डौं
फोन नं. ४२५०७५८

मिति : २०६१।९।२८